

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज २४ गते सोमबार ❑ 10 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कास्कीमा नौ पदका लागि एक सय आठ जनाको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असोज**

मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि कास्कीमा नौ पदका लागि एक सय आठ जनाको उम्मेदवारी परेको छ । तीमध्ये प्रतिनिधिसभा सदस्यका लागि ५३ र प्रदेशसभा सदस्यका लागि ५५ जनाको उम्मेदवारी परेको हो ।

कास्कीमा पनि प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको लागि गठबन्धन र एमाले बिच प्रतिष्प्रर्धा हुने भएको छ । मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको लागि कास्की निर्वाचन क्षेत्रबाट आइतबार विभिन्न दल तथा स्वतन्त्र उमेदवारहरुले मनोनयन दर्ता गराएका छन् । स्थानिय तहको निर्वाचनमा समेत गठबन्धन बिरुद्ध एमाले बिच प्रतिष्प्रर्धा भएको करिब ६ महिना पछि मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनमा पनि मुख्य गरी दुई समुह गठबन्धन र एमाले बिच प्रतिष्प्रर्धा हुने भएको हो ।

कास्कीको क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्यका लागि गठबन्धनका साझा उमेदवार काग्रेंस नेता किशोरदत्त बरालसंग नेकपा एमालेको तर्फबाट एमाले कास्कीका अध्यक्ष मनबहादुर गुरुङ बीच प्रतिस्पर्धा हुने भएको छ । बराल नेपाली कांग्रेस कास्कीका सभापति हुन भने गुरुङ प्रदेश सभाका निवर्तमान सदस्य समेत हुन् ।









पूर्व स्वास्थ्य मन्त्री समेत रहेका एमालेका खगराज अधिकारी भने संघबाट प्रदेशमा आई कास्की निर्वाचन क्षेत्र नम्बर १ को 'क' बाट माओबादी केन्द्रका युवा नेता दीपक कोईरालासँग प्रतिष्प्रर्धा गर्ने भएका हुन् । कोईराला यस अघि प्रदेश सभा सदस्य भएका थिए । कास्की निर्वाचन क्षेत्र नम्बर १ को 'ख' बाट एमालेका बेदबहादुर गुरुङसँग काग्रेंसका दीपक गुरुङको प्रतिष्प्रर्धा हुने भएको छ । कास्की क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्यका लागि कुल १७ जनाको उम्मेदवारी परेको छ । त्यस्तै यस क्षेत्रमा प्रदेशसभा (क)मा नौ र (ख) मा आठ जनाको उम्मेदवारी परेको छ ।

यसैबीच कास्की २ मा एमाले उम्मेदवार विद्या भट्टराई र गठबन्धनका साझा उमेदवार एकीकृत समाजवादीका नेता श्रीनाथ बराल बीच प्रतिष्प्रर्धा हुने भएको छ । प्रदेशसभा तर्फ कास्की २ 'क' मा एमालेका भीम कार्की र गठबन्धनबाट माओवादी केन्द्रका विश्वप्रकाश लामिछाने बीच प्रतिष्प्रर्धा हुने भएको हो । प्रदेशसभा कास्की २ 'ख' मा गठबन्धनको तर्फबाट प्रदेशका कानुन तथा सञ्चार मन्त्री विन्दुकुमार थापा र एमालेबाट पूर्व प्रदेश सांसद मिना गुरुङ बिच प्रतिष्प्रर्धा हुने भएको छ ।

पार्टी नेतृत्वको सत्ता गठबन्धनका विरुद्ध विद्रोह गर्दै नेपाली कांग्रेसका पुराना नेता महादेव गुरुङले प्रतिनिधि सभा तर्फ कास्की जिल्ला निर्बाचन क्षेत्र नम्बर २ बाट उम्मेदवारी दर्ता गरेका छन् । क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यका लागि कुल १८ जनाको उम्मेदवारी परेको छ । त्यस्तै यस क्षेत्रको प्रदेशसभा (क) मा ११ र (ख) मा नौ जनाको उम्मेदवारी परेको छ ।

त्यस्तै कास्की ३ मा गठबन्धनका साझा उमेदवार गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनसँग एमालेका नेता दामोदर बैरागीसँग प्रतिष्प्रर्धा हुने भएको छ । कास्की ३ 'क' मा गठबन्धनका साझा उमेदवार माओबादीका पुराना नेता दुर्गादत्त भण्डारीसंग एमालेका गणेशमान गुरुङ बिच प्रतिष्प्रर्धा हुने भएको छ भने कास्की ३ 'ख' मा एमालेका राजिव पहारीसंग गठबन्धनका साझा उमेदवार काग्रेंसका युवा नेता प्रकाश बराल बिच प्रतिष्प्रर्धा हुने भएको छ । पहारी यस अघि प्रदेश सभा सदस्यमा निर्वाचित भएका तिथए भने बराल जिल्ला खेलकुद विकास समितिबाट हाल राजीनामा दियर उमेदवार बनेका हुन् । क्षेत्र नं ३ मा प्रतिनिधिसभा सदस्यका लागि १८ जनाको उम्मेदवारी परेको छ । त्यस्तै यस क्षेत्रको प्रदेशसभा सदस्यका लागि (क)मा १० र (ख) मा आठ जनाको उम्मेदवारी परेको छ ।

त्यसैगरी कास्कीमा मुख्य दुई समुह बिच प्रतिष्प्रर्धा भए पनि केही बागी उमेदवार त, केही राप्रपा, राप्रपा नेपाल, लगायतका दल तथा स्वतन्त्र उमेदवारले मनोनयन दर्ता गराएका छन् । जिल्लाका तीनवटै क्षेत्रका निर्वाचन अधिकृतका कार्यालयमा सौहार्दपूर्णरूपमा मनोनयन दर्ता सम्पन्न भएको निर्वाचन कार्यालयले जनाएको छ ।

## प्रत्यक्षतर्फ मनोनयनपत्र दर्ता सम्पन्न, महिलाको संख्या न्यून

**रासस**
**काठमाडौं, २३ असोज**

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष) तर्फ आइतबार उम्मेदवारहरूको मनोनयनपत्र दर्ता उत्साहजनक तथा शान्तिपूर्णरूपमा सम्पन्न भएको छ । दर्ता भएका उम्मेदहरूमा महिलाहरूको सङ्ख्या न्यून रहेको छ ।

मनोनयनपत्र दर्ता कार्यक्रम सम्बन्धित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा भएको हो । दर्ताका लागि बिहान १० बजेदेखि सुरु भएर अपराह्न ५ बजेसम्म तोकिएकोमा उक्त समयभित्र सम्बन्धित निर्वाचन कार्यालयमा उपस्थित भएका कतिपय उम्मेदवारहरूको दर्ता कार्य साँझसम्म जारी रहेको थियो । कतिपय जिल्ला र निर्वाचन क्षेत्रमा सञ्चार सम्पर्क सहज नभएकाले यकिन विवरण प्रविष्ट हुन बाँकी रहेको निर्वाचन आयोगले जनाएको छ । आयोगको सूचना प्रणालीमा साँझसम्म प्रविष्ट भएका आधारमा प्रतिनिधिसभाअन्तर्गत देशभर एक हजार नौ सय ३७ पुरुष र एक सय ९१ महिला गरी कूल दुई हजार एक सय २८ उम्मेदवारले आफ्नो उम्मेदवारी दर्ता गर्नुभएको छ । प्रदेशसभातर्फ दुई हजार छ सय पुरुष, दुई सय ४४ महिला र एक अन्य गरी दुई अजार आठ सय ४५ जनाको उम्मेदवारी दर्ता भएको छ ।

सोमध्ये प्रदेश नं १ मा चार सय ४५ पुरुष,४९ महिला गरी चार सय ९४, मधेश प्रदेशमा सात सय ११ पुरुष, ५५ महिला र एक अन्य गरी सात सय ६७, बागमती प्रदेशमा पाँच सय ६१ पुरुष, ७४ महिला गरी छ सय ३५, गण्डकी प्रदेशमा एक सय ९९ पुरुष, २९ महिला गरी दुई सय २८, लुम्बिनी प्रदेशमा चार सय १४ पुरुष, २३ महिला गरी चार सय ३७, कर्णाली प्रदेशमा ७९ पुरुष, दुई महिला गरी ८१ र सुदुरपश्चिम प्रदेशमा एक सय ९१ पुरुष, १२ महिला गरी दुई सय तीन उम्मेदवारले प्रदेशसभा सदस्यका लागि उम्मेदवारी दर्ता गर्नुभएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

दर्ता भएका उम्मेदवाहरूको सूची आइतबारनै सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयले प्रकाशन गर्ने कार्यक्रम रहेको छ । असोज २४ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन दर्ता भएका कुनै पनि उम्मेदवारविरुद्ध सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिन सकिने कार्यक्रम रहेको छ ।

हालैका दिनमा अविरल वर्षा, बाढी पहिरोलगायतका विपद्जन्य घटनाका कारण कतिपय स्थानमा आवतजावतमा समेत कठिनाइ भएका कारण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पुगी मनोनयन दर्ता गर्न नसक्ने उम्मेदवारहरूका हकमा आयोगले सहजीकरण गरेको थियो ।

सम्बन्धित दलले उम्मेदवार मनोनयन गरेको औपचारिक पत्र, प्रतिनिधि मुकरर गरिएको पत्रलगायत आवश्यक कागजात आयोग तथा आयोगअन्तर्गतका निर्वाचन कार्यालयले बुझी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाई सहजीकरण गरिएको हो ।

## माओवादी केन्द्रका महासचिव गुरुङ र एमाले उपमहासचिव गुरुङद्वारा लमजुङ मनोनयन दर्ता

**पोखरापत्र संवाददाता**
**लमजुङ, २३ असोज**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले प्रतिनिधिसभाका लागि एक मात्र निर्वाचन क्षेत्र रहेको लमजुङबाट प्रतिनिधसभाका लागि उम्मेदावरी दर्ता गराउनुभएको छ । गठबन्धनबाट प्रतिनिधिसभाका लागि उम्मेदवार बन्नुभएका गुरुङले आइतबार दिउँसो बैंसीसहरमा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर आफ्नो उम्मेदावरी दर्ता गराउनुभएको हो ।

उहाँ यसअघि एमालेसँगको गठबन्धनबाट प्रतिनिधसभाकै उम्मेदवार बन्दै भारी मतले विजयी हुनुभएको थियो । यसपटक नेपाली कांग्रेसलगायतको गठबन्धनसँग मिलेर चुनावी मैदानमा प्रतिस्पर्धा गर्दै हुनुहुन्छ । त्यस्तै प्रदेशसभा (क) र (ख) का लागि गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका उम्मेदवारले मनोनयन दर्ता गराउनुभएको छ । प्रदेश (क) मा कांग्रेस लमजुङका सभापति डा टकराज गुरुङ र प्रदेश (ख) मा पूर्व जिल्ला सभापति भेषबहादुर पौडेलले संयुक्तरूपमा उम्मेदावरी दिनुभएको छ । यसैगरी नेकपा (एमाले) का उपमहासचिव एवं गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले लमजुङबाट प्रतिनिधिसभाका लागि मनोनयन दर्ता गराउनुभएको छ । आइतबार ४:१५ बजे बैंसीसहरमा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर एक मात्र प्रतिनिधिसभा रहेको लमजुङबाट उहाँले आफ्नो उम्मेदवारी मनोनयन दर्ता गराउनुभएको हो । उपमहासचिव गुरुङ यसअघि प्रदेशसभाका लागि सिफारिस हुनु भए पनि एमालेले उहाँलाई केन्द्रमै उठाएपछि उहाँले प्रतिनिधिसभाका लागि मनोनयन दर्ता गराउनुभएको छ । उहाँले संघीयता बचाउने र देश र जनताको विकासका लागि आफ्नो योगदानलाई निरन्तरता दिनका लागि उम्मेदवारी दिएको बताउनुभयो छ । आफ्नो व्यक्तिगत इच्छा प्रदेशमै उठेर पुनः मुख्यमन्त्री हुँदै बाँकी रहेका विकासका काम पूरा गर्ने चाहना भए पनि पार्टीले केन्द्रमा उठाएपछि प्रतिनिधिसभाको उम्मेदवार भएको र केन्द्रबाट नै विकास गर्ने उहाँले बताउनुभयो ।

त्यस्तै, प्रदेश (क) र प्रदेश (ख) निर्वाचन क्षेत्र रहेको यस जिल्लाको प्रदेश (क) मा एमालेका केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य जमिन्द्रमान घले र प्रदेश (ख) मा एमाले जिल्ला पार्टी अध्यक्ष कृष्णप्रसाद अधिकारीले समेत मनोनयन दर्ता गराउनुभएको छ । यसअघि घले प्रतिनिधिसभाका लागि जिल्लाबाट सिफारिस हुनुभएको थियो ।

## कांग्रेस उपसभापति गुरुङ र एमाले सचिव अर्यालद्वारा मनोनयन दर्ता

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २३ असोज**

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले आइतबार स्याङ्जा क्षेत्र नं २ मा मनोनयन दर्ता गराउनुभएको छ ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि उपसभापति गुरुङले वालिङस्थित निर्वाचन अधिकृतको कार्यालयमा आफैं उपस्थित भई मनोनयन दर्ता गराउनुभएको हो । उपसभापति गुरुङले पार्टीका तर्फबाट गण्डकी प्रदेशसभाका उम्मेदवारहरूसहित नेता कार्यकर्तासँगै वालिङ नगरपालिकाको कार्यालयमा स्थापना गरिएको निर्वाचन अधिकृतको कार्यालयमा मनोनयन दर्ता गराउनुभएको हो । मनोनयन दर्ता गराएपछि संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले राजनीतिमा रहेको भ्रष्टाचार, बेथितिको न्यूनीकरण गर्दै समृद्ध समाज निर्माण गर्ने आफ्नो एजेण्डा रहेको बताउनुभयो ।

नेकपा एमालेकी केन्द्रीय सचिव पद्माकुमारी अर्यालले आइतबार स्याङ्जा क्षेत्र नं २ मा मनोनयन दर्ता गराउनुभएको छ । उहाँले वालिङस्थित निर्वाचन अधिकृतको कार्यालयमा आफैं उपस्थित भई मनोनयन दर्ता गराउनुभएको हो । अर्याल यसअघि विसं २०७४ को प्रतिनिधिसभा निर्वाचन स्याङ्जा क्षेत्र नं २ बाट विजयी हुनुभएको थियो ।


**विज्ञापन आचारसंहिताको पालना गरौं ।**

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं ।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं ।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं ।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं ।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं ।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# महिला क्रिकेटमा मधेश प्रदेश र बागमतीको विजयी शुरुवात

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत महिला क्रिकेट प्रतियोगितामा मधेश प्रदेश र बागमती प्रदेशले विजयी शुरुवात गरेका छन् ।

पोखरा रंगशालामा आइतबार भएको उद्घाटन खेलमा मधेशले आयोजक गण्डकी प्रदेशलाई तथा बागमती प्रदेशले सुदुर पशिचमाञ्चलमाथि जित हाँसिल गरेका हुन् ।

उद्घाटन खेलमा मधेशले गण्डकी प्रदेशलाई लाई ४० रनको फराकिलो अन्तरले पराजित गरेको हो । मधेश प्रदेशले दिएको ७८ रनको लक्ष्य पछ्याएको आयोजक गण्डकी प्रदेश १९ ओभरमा ३७ रनमै समेटिन पुग्यो । गण्डकी प्रदेशका लागि शिला क्षत्रीले जोडेको १० रन नै सर्वाधिक रन बन्न पुग्यो । अन्य कुनैपनि व्याट्सउमनले दोहोरो आँकडाको योगफल जोडन सकेनन् । ओपनर सृजना पौडेलले ३६ बलको सामना गर्दै ७ बनाइन् । अर्की ओपनर कुसुम गोदार पहिलो बलमा नै एलबीडब्लु धरापमा पर्दै पवेलिएन फर्कीइन् । ज्योत्सिना मरासिनी ५ रन जोड्दा रन आउट भइन । कप्तान सृष्टि जैसी ३ तथा अञ्जली विश्वकर्मा र सिमाना केसी समान २ रनमा आउट भए । सुजिता थापा र श्रद्धा गुरुङ शुन्यमै आउट भए ।



मधेश प्रदेशकी अनुराधा चौधरीले आफ्नो स्पेलमा १ मेडन राख्दै ८ रन खर्चेर ४ विकेट लिइन । कविता गौतम र शान्ती चौधरीले समान २ विकेट लिए। सन्तोषी चौधरीले एक विकेट लिइन् ।

त्यसअघि पोखरा रगंशालाको क्रिकेट स्टेडियममा गण्डकीले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङ गरेको मधेश प्रदेशले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा ७७ रनको योगफल तयार पारेको थियो । मधेस प्रदेशकी सरस्वती कुमारीले सर्वाधिक १५ रनको योगदान दिईन्। सरस्वती १५ र रोजी कडारी ९ रनमा नटआउट रहे । साना प्रविन र एलिसा यादवले समान १४ रन थपे। सन्तोषी चौधरी र शान्ती चौधरीले समान ८ रन बनाए ।

गोमा आले १ रनमा रनआउट भईन् । कप्तान कविता गौतम, अनुराधा चौधरी, सबनम खातुन शुन्य रनमा आउट भए । मधेश प्रदेशलाई कम स्कोरमा रोक्न गण्डकी प्रदेशकी आकृती तिवारी एक्लैले ३ विकेट लिईन् । उनले आफ्नो स्पेलमा १२ रन दिईन् । कुसुम गोदारले दुई तथा सृष्टि जैसी र शिला क्षत्रीले समान एक विकेट भ्कारे। खेलमा मधेशका अनुराध चौधरी प्लेयर अफ द म्याच भइन् । अर्को खेलमा अस्मिता खरेल र कञ्चन श्रेष्ठको उत्कृष्ट साझेदारीमा बागमती प्रदेशले सुदूरपश्चिमलाई ८ विकेटले पराजित गरेको हो ।

सुदूरपश्चिमले दिएको ७२ रनको लक्ष्य बागमतीले १३.१ ओभरमा २ विकेटको क्षतिमा भेट्टायो । सुमन खतिवडा ११ र आरती विडारी ३ रनमा नटआउट रहे । पहिलो विकेटका लागि ओपनर अस्मिना खरेल र कन्चन श्रेष्ठले १०.४ ओभरमा ४७ रनको उत्कृष्ट साझेदारी गरे । २६ बलको सामना गरेकी खरेल ९ रनमा पवेलियन फर्किइन् । कन्चन २५ रनमा रन आउट भइन् । ४४ बलको सामना गरेकी कन्चनले १ चौका प्रहार गरिन् ।

टस जितेर बागमतिले फिल्डिङ रोजेपछि ब्याटिङ गरेको सुदूरपश्चिम प्रदेश १८ दशमलव २ ओभरमा ७१ रनमा अलआउट भएको थियो । अनुकडायतले जोडेको २२ रन नै सुदूरपश्चिमका लागि सर्वाधिक रह्यो । उनले २३ बलमा २ चौका हान्दै २२ रन जोडिन् । अन्य ८ ब्याटरले दोहोरो अंकको स्कोर छुन सकेनन् ।

ओपनर रुबी पोडारले जोडेको १२, कप्तान बिन्दु रावल ५ रनमा पवेलियन फर्के । रुवीले २१ बलमा १ चौका प्रहार गरिन् । रावल ५ बलमा एलबीडब्लु धरापमा पर्दै आउट भइन् । यासु पाण्डे ७ रनमा आउट भइन् । यशोदा विष्ट र सवित्री धानु शुन्य रनमा आउट भए । रितु कनौजिया ३ र डोली भट्ट २ रनमा पवेलियन फर्के। स्नेहा महरा ५ रनमा रन आउट भइन् । बागमती प्रदेशकी सोनी पाखिन एक्लैले ५ विकेट लिइन् । उनले आफ्नो स्पेलमा १३ रन खर्च गरिन् । खुसी डंगोलले २ विकेट भ्कारिन् । कृष्मा गुरुङ र अस्मिता खरेलले समान १ विकेट लिए। यसअघि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र राष्टिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले बलिङ व्याटिङ गर्दै प्रतियोगिताको उद्घाटन गरेका थिए ।

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत सोमबारदेखि ह्याण्डबल

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत सोमबारबाट ह्याण्डबलका खेलहरु सुरु सुरु हुने भएको छ ।

पुरुषतर्फ गण्डकी प्रदेश र मधेश प्रदेशबीच उद्घाटन खेल हुनेछ। उद्घाटन खेल विहान ८ बजे हुँदैछ । राष्ट्रिय खेलकुद परिषद प्राविधिक उपसमिति र नेपाल ह्याण्डबल संघले जारी गरेको खेल तालिकाअनुसार सोमबार बिहान ८ बजे हुने खेलमा गण्डकी र मधेश भिड्ने भएका हुन् । आठौं राष्ट्रिय खेलकुदमा गण्डकी स्वर्ण पदक विजेता थियो भने नेपाल आर्मीले काँस्य पदक जितेको थियो । नवौं राष्ट्रिय खेलकुदअन्तर्गत २० औं राष्ट्रिय पुरुष तथा ११ औं महिला राष्ट्रिय ह्याण्डबल प्रतियोगिताको खेल तालिकाअनुसार पुरुषतर्फ समुह 'ए' मा गण्डकी, बाग्मती, मधेश प्रदेश, आर्मी र कर्णाली प्रदेश रहेका छन् भने सुमह 'बी' मा एपीएफ, लुम्बिनी, प्रदेश नं १ र सूदूर पश्चिम छन् ।

त्यसैगरी, महिलातर्फ समुह 'ए' मा एपीएफ, लुम्बिनी, सूदूर पश्चिम र गण्डकी तथा समुह 'बी' मा नेपाल आर्मी, प्रदेश नं १, बाग्मती, मधेश प्रदेश र कर्णाली प्रदेश रहेका छन् । नेपाल ह्याण्डबल संघका महासचिव सन्देश रेग्मीका अनुसार उद्घाटन खेल सोमबार दिउँसो ३ बजे हुनेछ । पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा आयोजना हुने नवौं राष्ट्रिय अन्तर्गत सोमबार महिलातर्फ ३ र पुरुषतर्फ ५ गरी ८ वटा खेल सञ्चालन हुनेछन् । नवौं राष्ट्रियमा ह्याण्डबल खेल असोज २९ गतेसम्म संचालन हुनेछ । सोमबार पुरुषतर्फ विभागीय आर्मीविरुद्ध बागमती, एपीएफविरुद्ध लुम्बिनी, प्रदेश-१ विरुद्ध सूदूरपश्चिम र गण्डकीविरुद्ध कर्णालीबीच खेल हुनेछ। त्यस्तै, महिलातर्फ प्रदेश-१ विरुद्ध कर्णाली, विभागीय नेपाल आर्मीविरुद्ध मधेश प्रदेश र गण्डकीविरुद्ध एपीएफबीच खेल हुनेछन् ।

# माओवादी केन्द्रका अध्यक्ष दाहालद्वारा गोरखा-२ बाट उम्मेदवारी दर्ता

**पोखरापत्र संवाददाता**
**गोरखा, २३ असोज**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गोरखा क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवारी दर्ता गर्नुभएको छ ।

गोरखा नगरपालिका वडा नं ९ स्थित दलभन्ज्याङमा रहेको प्रतिनिधिसभा गोरखा क्षेत्र नं २ को निर्वाचन अधिकृतको कार्यालयमा पुगेर आइतबार दिउँसो उहाँले सत्तागठबन्धनको साझा उम्मेदवारका रूपमा उम्मेदवारी दर्ता गर्नुभएको हो ।

अध्यक्ष दाहालको उम्मेदवारीमा नेपाल समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई प्रस्तावक रहनुभएको छ भने माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ समर्थक रहनुभएको निर्वाचन अधिकृत नारदप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

चितवन-३ बाट निर्वाचन लड्ने या गोरखाबाट निर्वाचन लड्ने भन्ने लामो चर्चापछि अध्यक्ष दाहालले आज गोरखा-२ बाट उम्मेदवारी दिनुभएको हो । अध्यक्ष दाहाल उम्मेदवारी दर्ताका लागि पूर्वप्रधानमन्त्री डा भट्टराईसहित, पार्टीका वरिष्ठ नेता श्रेष्ठ, पार्टीका केन्द्रीय सचिव तथा गण्डकी प्रदेशका इन्चार्ज हितराज पाण्डेसहितको टोली लिएर बाजागाजासहित निर्वाचन अधिकृतको कार्यालयमा पुग्नुभएको थियो ।

सत्ता गठबन्धनबाट गोरखा क्षेत्र नं २ (क) मा नेपाल समाजवादी पार्टी (नेसपा)का नेता फडिन्द्र देवकोटा र (ख) मा नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डेले पनि उम्मेदवारी दर्ता गर्नुभएको छ ।

त्यस्तै नेकपा (एमाले)बाट गोरखा क्षेत्र नं २ मा अब्दुस मियाँले उम्मेदवारी मनोनयन दर्ता गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

# प्रत्यक्ष प्रतिस्पर्धामा ठूला पार्टीका महिला नेत्री

**रासस**
**काठमाडौं, २३ असोज**

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभाको चुनावमा हालसम्म दुई सय ३१ महिलाले उम्मेदवारीका लागि मनोनयनपत्र दर्ता गरेका छन् ।

निर्वाचन आयोगको बेलुका ९ बजेसम्म प्राप्त तथ्याङ्कानुसार प्रतिनिधिसभामा प्रत्यक्षतर्फ निर्वाचनमा प्रतिस्पर्धा गर्न दुई सय ३१ महिलाले उम्मेदवारी दिएका हुन् । उम्मेदवारी दिनेमा नेपाली कांग्रेसबाट पाँच जना रहेका छन् । अर्घाखाँचीबाट कांग्रेस नेत्री तथा पूर्वउपसभामुख पुष्पा भुसाल, तेह्रथुमबाट सीता गुरुङ, मोरङ-२ बाट सुजाता कोइराला, सिरहा-२ बाट चित्रलेखा यादव र मकवानपुर-१ बाट महालक्ष्मी उपाध्याय 'डिना' रहनुभएको छ ।

त्यस्तै नेकपा (एमाले) का सात जनाले उमेदवारी मनोनयनपत्र दर्ता गरेका छन् । त्यसमध्ये स्याङ्जा-१ बाट पद्मा अर्याल, कञ्चनपुर-३ बाट निरूदेवी पाल, दाङ-१ बाट शान्ता चौधरी, दाङ-३ बाट कोमल वली, सुनसरी-३ बाट भगवती न्यौपाने, डोटीबाट गौरी ओली र कास्की-२ बाट विद्या भट्टराई रहनुभएको छ ।

नेकपा (माओवादी केन्द्र) बाट काठमाडौँ-२ बाट ओनसरी घर्ती, काठमाडौँ-९ बाट कल्पना धमला, काठमाडौँ-७ बाट मानुषीयमी भट्टराई, ललितपुर-३ बाट पम्फा भुसाल र दाङ-२ बाट रेखा शर्मा गरी पाँच महिलाले उम्मेदवारी दिनुभएको छ । त्यस्तै नेकपा (एकीकृत समाजवादी)बाट गुल्मी-२ मा रामकुमारी झाँक्रीले उम्मेदवारी दिनुभएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट मोरङ-३ मा रेखा थापाले उम्मेदवारी दिनुभएको छ । प्रतिनिधिसभातर्फ कुल दुई हजार चार सय ७४ मध्ये दुई हजार दुई सय ४२ पुरुष र महिला दुई सय ३१ जना प्रतिस्पर्धामा छन् भने प्रदेशसभामा तीन हजार तीन सय ९३ मध्ये पुरूष तीन हजार ९९, महिला दुई सय ९३ र अन्य एक रहेको निर्वाचन आयोगले जनाएको छ ।

# पोउवा संघको व्यापार मेलाको तयारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असोज**

पोखरा उद्योग वाणिज्य संघले औद्योगिक व्यापार मेलाको तयारी थालेको छ । संघले आउँदो मंसिरको १६ देखि २५ गतेसम्म 'राष्ट्रिय औद्योगिक व्यापार मेला २०७९' को घोषणा गरिसकेको छ ।

स्वदेशी उत्पादनको प्रवर्द्धन र बजारीकरण, उद्यमशीलता विकास र नवप्रवर्तन तथा नयाँ उत्पादनबारे जानकारी गराउने उदेश्यले मेला आयोजना हुन लागेको हो । कोभिड १९ का कारण दुई संस्करणको मेला स्थगित भएकाले यसपटकको मेलालाई विशेष बनाइने अध्यक्ष पवनकुमार प्रजापतिले बताए ।

पोखरा प्रदर्शनी केन्द्र, नयाँबजारमा आयोजना हुने मेला सम्पन्न गर्न संघका अध्यक्ष पवनकुमार प्रजापतिको संयोजकत्वका कार्यसम्पादन समिति गठन गरिसकिएको छ । सो समितिको अतिथि सत्कार व्यवस्थापन उप-समिति संयोजकको जिम्मेवारी संघका निवर्तमान अध्यक्ष नारायण कोइरालालाई दिइएको छ भने स्टल निर्माण-व्यवस्थापन उपसमितिको संयोजक संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की रहेका छन् । सुरक्षा व्यवस्थापनको जिम्मेवारी उद्योगतर्फका उपाध्यक्ष देवेन्द्र केसी तथा प्रायोजक व्यवस्थापन वाणिज्य उपाध्यक्ष उत्तममान बुद्धाचार्यले सम्हाल्ने भएका छन् । प्रचार प्रसारको जिम्मेवारी महासचिव बलराम आचार्यको काँधमा छ। आर्थिक व्यवस्थापनमा संघका कोषाध्यक्ष दीनेशचन्द्र बास्तोला, सांस्कृतिकतर्फ उपमहासचिव शोभा गौतम,पर्यटनमा कार्यसमिति सदस्य प्रभा सुवेदी,बालउद्यानमा कार्यसमिति सदस्य बालकृष्ण कोइराला र प्रकाशन तथा उपहार व्यवस्थापनमा कार्यसमिति सदस्य सुदीप प्रधानाङ्गलाई संयोजकको जिम्मेवारी प्रदान गरिएको संघका महासचिव बलराम आचार्यले जानकारी दिए । उनका अनुसार कार्यसमितिका सदस्यहरु भरत केसी, दीलिपकुमार श्रेष्ठ,कृष्णप्रसाद कोइराला,भिम गौतम,माधव बस्ताकोटी र सुदीप ओझालाई क्रमशः स्वास्थ्य,मुलद्धार, खानेपानी तथा वातावरण,स्थानीय समन्वय तथा पार्किङ र टिकट व्यवस्थापन उपसमितिको जिम्मेवारी दिइएको छ । हस्तकला उपसमिति संयोजकमा बन्दना केसी कार्की, विद्युत तथा टेलिफोनमा रामप्रसाद कट्टेल, स्लल बिक्रीमा जीवनप्रकाश श्रेष्ठ, संघ-संस्था व्यवस्थापनमा प्रेमप्रसाद सुवेदी,मञ्च व्यवस्थापन तथा बस्तुगत संघ समन्वयमा लेखनाथ सुवेदी,कृषि व्यवस्थापनमा लिलाधर चपाईं र उद्योग व्यवस्थापन उपसमितिमा युवकबहादुर बस्नेतलाई संयोजकको जिम्मेवारी प्रदान गरिएको छ । पदाधिकारी तथा कार्यसमितिका सदस्यहरु संयोजक रहेका समितिमा संयोजकले नै बाँकी सदस्य थप गर्ने महासचिव आचार्यले जानकारी दिए ।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज वार्वर

## सम्पादकीय

# निर्वाचन सार्थक हुनुपर्दछ

संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी पछि दोस्रोपटक प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन यही मंसिर ४ गते हुँदैछ। प्रतिनिधिसभा र प्रदेश सभा सदस्यका लागि दलहरू र स्वतन्त्र नागरिकले उमेदवारी दर्ता गरेका छन। उमेदवार दर्ता गर्दा समर्थक र कार्यकर्ताको उल्लेख्य सहभागिता रह्यो। पाँच वर्षमा आउने यो निर्वाचन जनताले प्रतिनिधि मार्फत देशको विकास र राष्ट्रिय स्वाभिमानका लागि लड्ने पात्र छान्दछन्। यो निर्वाचन देश र जनताको भाग्य फैसला गर्ने मौका पनि हो। त्यसका लागि दलहरूले उमेदवार छान्दा चुनाव जित्न सक्ने खोज्दा असन्तुष्टि र विद्रोही पनि खडा भएका छन। नेतृत्वले आफ्ना नजिकका खोज्दा दल वदल भएको छ।

निर्वाचनमा प्रायः सबै दलहरूले प्रत्यक्षतर्फ निर्वाचनका लागि उम्मेदवार घोषणा गर्दा महिला तथा यौनिक अल्पसंख्यक समुदायलाई न्याय गरेको देखिँदैन। अन्य समावेशी क्षेत्रका व्यक्तिहरू पनि प्रत्यक्षतर्फ प्रतिस्पर्धामा ल्याएका छैनन्। यद्यपि, संवैधानिक तथा कानुनी प्रावधान अनुसार संसद् र प्रदेश सभामा उनीहरूको प्रतिनिधित्व हुने छ, तर यसले ती समुदायको प्रतिस्पर्धी क्षमतालाई सीमित पार्दछ।

दलहरूले दलीय लोकतान्त्रिक व्यवस्थालाई सार्थक बनाउन सक्दा मात्र यसप्रति विश्वास बढ्दै जान्छ। दलहरूका ठुला–साना कमजोरीका कारण उनीहरू मात्र कमजोर हुँदैनन्, यस्ता चरबाट लोकतन्त्र विरोधीहरूले चियाउन र अनुकूल समयमा छिर्न सक्दछन्। यसो हुनु सिङ्गो लोकतन्त्रका लागि प्रतिकूल हुनेछ।

बहुदलीय लोकतन्त्रमा दलको विषय दलभित्र मात्र सीमित विषय होइन, यो सबै जनताको सरोकारको विषय हो। दलहरूले बाटो बिराउँदा दलीय व्यवस्था कमजोर हुन्छ र दल कमजोर हुँदा लोकतन्त्र र लोकतान्त्रिक व्यवस्था नै कमजोर बन्दछ। दलभित्रको अव्यवस्था र खिचलोले, दलभित्रका कमजोर अभ्यासले राष्ट्रिय हितलाई समेत प्रभाव पार्दछ।

नेपालका राजनीतिक दल र नेतृत्वले विगतमा लोकतन्त्र र गणतन्त्रका प्राप्तिका लागि गरेका सफल र सार्थक नेतृत्व सराहनीय छ। अब लोकतन्त्रलाई सबल बनाउन र राष्ट्रिय हितहरूप्रति संवेदनशील भई कमीकमजोरी सच्याउँदै अघि बढ्न आवश्यक छ। लोकतान्त्रिक गणतन्त्र र राष्ट्रिय हित तथा स्वाभिमानका लागि यो निर्वाचन सार्थक हुनुपर्दछ। निर्वाचन आयोगलाई सरकार र राजनीतिक दलले सघाउन सके लोकतन्त्र बलियो हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाव | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# नेपाल चाइनिज ताइपेईसँग पराजित

रासस
काठमाडौं, २३ असोज

भियतनाममा जारी एएफसी यू-१७ एसियन कप छनोट खेलमा नेपाल चाइनिज ताइपेईसँग पराजित भएको छ।

भियतनाममा आइतबार भएको समूह चरणको अन्तिम खेलमा नेपाल चाइनिज ताइपेईसँग ४-२ गोलअन्तरले पराजित भएको हो। यस हारसँगै नेपाल जितविहीन बनेको छ। नेपाल पहिलो खेलमा थाइल्याण्डसँग ३-० गोलअन्तरले पराजित भएको थियो। दोस्रो खेलमा आयोजक भियतनामसँग ५-० गोलअन्तरले पराजित भएको थियो। यस खेलसँगै नेपाल र चाइनिज ताइपेई प्रतियोगिताबाट बाहिरिसकेको छ। चाइनिज ताइपेईको जितमा लिन हाइ चेङले दुई गोल गरे भने ताई यान याओ र लु यी टिङले एक-एक गोल गरे। नेपालका लागि भने कप्तान प्रशान्त लक्षम र धनसिंह विकले एक-एक गोल फर्काए। खेलको तेस्रो मिनेटमा लिनले गोल गर्दै चाइनिज ताइपेईलाई सुरुआती अग्रता दिलाए। त्यसैगरी खेलको १०औं मिनेटमा प्रशान्तले गोल गर्दै नेपाललाई १-१ गोलको बराबरीमा ल्याए। खेलको २८औं मिनेटमा यानले गोल गर्दै चाइनिज ताइपेईको अग्रता २-१ को बनाए भने खेलको ६१औं मिनेटमा धनसिंहले गोल गर्दै नेपाललाई २-२ गोलको बराबरीमा ल्याए।

खेलको ७८औं मिनेटमा दीपक थापा मगरले दोहोरो पहेंलो कार्डसहित रातो कार्ड पाउँदा नेपाल १० खेलाडीमा सीमित बनेको थियो। खेलको ८० औं मिनेटमा लुले गोल गर्दै चाइनिज ताइपेईलाई ३-२ को अग्रता दिलाए। त्यसपछि खेलको ८९ औं मिनेटमा लिनले व्यक्तिगत दोस्रो गोल गर्दै चाइनिज ताइपेईलाई ४-२ को जित दिलाए।

यस जितसँगै चाइनिज ताइपेईको यो पहिलो जित भएको छ। समूह 'एफ' मा रहेको नेपाल अङ्कविहीन रहँदै पुछारमा रह्यो भने चाइनिज ताइपेईतीन अङ्क जोडेर तेस्रो स्थानमा रह्यो। भियतनाम छ अङ्क जोडेर शीर्षस्थानमा रहेको छ। थाइल्याण्ड छ अङ्क जोडेर दोस्रो स्थानमा रहेको छ। भियतनाम र थाइल्याण्डबीचको विजेताले एसियन कपमा स्थान बनाउनेछ।

# तनहुँमा डेङ्गुको सङ्क्रमण बढ्यो, अस्पतालमा शैया अभाव

पोखरापत्र संवाददाता
तनहुँ, २३ असोज

तनहुँमा डेँङ्गुको सङ्क्रमण बढ्दै गएको छ। डेँङ्गुका बिरामीको सङ्ख्या बढ्दै जाँदा सदरमुकामस्थित दमौली अस्पतालमा बिरामी राख्न शय्याको अभाव हुन थालेको छ।

शनिबार मात्रै एघार जनामा डेँङ्गु पोजेटिभ देखिएको दमौली अस्पतालले जनाएको छ। अन्य दिनको तुलनामा यो बढी हो। हालसम्म एक सयको हाराहारीमा मानिस डेँङ्गु सङ्क्रमणबाट प्रभावित भएका छन्। उनासि बिरामीको रगत प्रयोगशालामा परीक्षण गर्दा उनीहरुमा डेँङ्गु पोजेटिभ भेटिएको हो। एक बालकसहित दश जना अस्पतालमा भर्ना भएर उपचार गराइरहेका छन् भने एकजना आफ्नै घरमा गएको दमौली अस्पतालका सघन उपचार कक्षका अहेब राजेश क्षेत्रीले जानकारी दिनुभयो। डेँङ्गुका बिरामी भर्ना भएसँगै अस्पतालमा अन्य रोगका बिरामीलाई भर्ना गर्न शय्याको अभाव देखिएको उहाँले बताउनुभयो।

अस्पतालमा उपचार आएका बिरामीमध्ये केही दिनयता दैनिक पाँच/सात जनामा डेँङ्गु पोजेटिभ देखिन थालेको बताइएको छ। अस्पतालमा दैनिक दुई सयको हाराहारीमा स्वास्थ्य परीक्षणका लागि आउने बिरामीमध्ये एक सयदेखि एक सय ५० जनासम्म ज्वरोका बिरामी हुने गरेका छन्। उच्च ज्वरो आएका, जीउ दुख्ने र बान्ता गर्ने बिरामीको पहिलो चरणको एनएस-१ परीक्षण गर्दा डेँङ्गु भेटिएको हो। उहाँले भन्नुभयो "आइडिजी र आइजिएम परीक्षणको लागि पोखरा पठाउनुपर्ने हुन्छ।" उक्त आइडिजी र आइजिएम परीक्षण गर्दा डेँङ्गुका बिरामीको अवस्था र कति दिनको भयो भन्नेबारे जानकारी पाउन सकिने उहाँले जानकारी दिनुभयो। पन्ध्र शय्या क्षमताको अस्पतालमा चालीस शय्यासम्म राखेर सेवा दिँदा पनि शय्याको अभाव हुँदा अन्य प्रकृतिका बिरामीलाई भर्ना गरी राख्न कठिनाइ भएको उहाँले बताउनुभयो। डेँङ्गुबाट बच्नको लागि टोल-टोलमा गएर अझै मानिसमा सचेतना फैलाउनुपर्ने अवस्था देखिएको सो अस्पतालले जनाएको छ।

ज्वरो आएमा जथाभावी एन्टिबायटिक औषधि सेवन नगर्ने, सिटामल प्रयोग गर्ने, झोलिलो पदार्थ सेवन गर्ने र प्रशस्त मात्रमा पानी पिउने र आराम गर्न बिरामीलाई सुझाव सल्लाह दिइएको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन अभिनन्दन तिवारीले जानकारी दिनुभयो। आफ्नो घर वरिपरी सफा राख्ने, लामखुट्टे न्यूनीकरण गर्ने, सुत्दा झुलको प्रयोग गर्ने, पानी जम्न नदिने लगायतका कुरामा ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।

# शुभकामना आदानप्रदान एवम् सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २३ असोज

भरतपोखरी विकास मञ्चद्वारा विजयादशी, दिपावली लगायतका चाडपर्वको अवसरमा शुभकामना आदानप्रदान एवम् सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

पोखरा महानगरपालिका वडा नं ३३ को कार्यालयको सभा कक्षमा आयोजित कार्यक्रममा शुभकामना आदानप्रदानसँगै दुई जना ज्येष्ठ नागरिक र एक जना स्रष्टालाई सम्मान गरिएको हो।

ज्येष्ठ नागरिकद्वय ९२ वर्षीय टीकाराम पौडेल र ८७ वर्षीय मैनादेवी पौडेल क्षेत्री तथा स्रष्टा डा.अशोक थापालाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र भरतपोखरी विकास सञ्चका अध्यक्ष डिल्लीराम बरालले सम्मान गर्नुभएको हो। कार्यक्रममा महानगरप्रमुख आचार्यले विकासका लागि सबैको एकताबद्ध प्रयास आवश्यक हुने बताउँदै भरतपोखरीको विकासका लागि विभिन्न योजना अघि सारिएको बताउनुभयो। भरतपोखरी र आसपासको क्षेत्रको विकासका लागि मञ्चले पुलको काम गर्ने बताउँदै सडक विस्तार लगायतका योजनाको सफलताका लागि सम्बद्ध पक्षसँग छलफल गर्नुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय चाडपर्वले




सबैमा सुख शान्ति र समृद्धि ल्याउने विश्वास उहाँले व्यक्त गर्नुभयो। भरतपोखरी विकास मञ्चका अध्यक्ष डिल्लीराम बरालले भरतपोखरीको समग्र विकासका लागि यो वा त्यो नभनी लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो। भरतपोखरी विकास मञ्च सबैको साझा मञ्चका रुपमा रहेको बताउँदै उहाँले संस्था यहाँका हरेक सामाजिक गतिविधिमा कृयाशिल बनेको बताउनुभयो।

मञ्चका सल्लाहकार केशरप्रसाद निदोषीले स्रष्टा डा. अशोक थापाको व्यक्तित्व परिचयसँगै शुभकामना व्यक्त गर्नुभयो। उहाँले विकासका लागि सबैको सकारात्मक सहयोग आवश्यक हुनेमा जोड दिनुभयो। विभिन्न कृतिहरू प्रकाशन गरिसकेका त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत थापाको हालै सन्तापको धुन शीर्षकको कथा सङ्ग्रह बजारमा आएको छ। मञ्चका अध्यक्ष बरालको अध्यक्षता एवम् मञ्चका सचिव एवम् सांस्कृतिक उपसमितिका संयोजक रामप्रसाद ढकालले सञ्चालन गर्नुभएको कार्यक्रममा सदस्य ऋषिमाया लामिछानेले स्वागत गर्नुभयो।

पोखरा महानगरपालिका वडा नं ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारी, वडा नं २१ का वडा अध्यक्ष दीपकप्रसाद सुवेदी, वडा नं १७ का वडा अध्यक्ष राधिका शाही योगी, वडा नं ७ का वडा अध्यक्ष राममोहन आचार्य, राष्ट्रिय स्वतन्त्र पार्टीका गण्डकी प्रदेश महामन्त्री माधवप्रसाद कँडेल लगायतले चाडपर्वले सबैमा सुख शान्ति र समृद्धि ल्याउने विश्वास व्यक्त गर्नुभयो।

# सामुदायिक विद्यालयमा पढाउनै पर्ने

रासस
कुस्मा, २३ असोज

पैयूँ गाउँपालिकाले सरकारी कर्मचारी, जनप्रतिनिधि र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनै पर्ने नियम ल्याउन लागेको छ। गाउँ शिक्षा समितिको बैठकले आगामी शैक्षिक सत्र२०८० देखि सरकारी विद्यालयमै पदाधिकारीका छोराछोरीलाई पढाउन पठाउनुपर्ने निर्णय गरिएको गाउँपालिकाका शिक्षा अधिकृत यज्ञप्रसाद लामिछानेले बताउनुभयो। उहाँका अनुसार सरकारी सुविधा लिएर छोराछोरी निजीमा पढाउनेको सुविधा रोक्ने गर्नेसम्मको निर्णय भएको छ।

"सरकारी सुविधा लिएर निजीमा छोराछोरी पढाउँदा सामुदायिकप्रतिको चासो घट्ने र गुणस्तरसमेत खस्किने निष्कर्षसहित यस्तो निर्णय गरिएको हो।", शिक्षा अधिकृत लामिछानेले भन्नुभयो,"आउँदो शैक्षिक सत्रदेखि निर्णय लागू गर्ने सहमति भएको छ। सहमति कार्यान्वयनमा अटेरी गर्नेको सरकारी सुविधा रोक्ना गर्नसकिने निर्णयमा उल्लेख छ।" गाउँ शिक्षा समितिले गरेको निर्णय कार्यपालिकाबाट पारित गराएपछि कार्यान्वयनमा लैजाने गाउँपालिकाको तयारी छ। प्रमुख प्रशासकीय अधिकृत केशव लामिछानेका अनुसार निर्णय अनुसारको कार्ययोजना बनाएर सामुदायिक विद्यालयको शैक्षिक सुधारमा अहिलेदेखि नै सर्वपक्षीय तयारी थाल्ने शिक्षा समितिको निर्णय छ।

निजी विद्यालयले ग्रामीण क्षेत्रका भित्री बस्तीसम्म सवारी साधन पुऱ्याएर विद्यार्थी बटुल्न थालेपछि सामुदायिक विद्यालय सङ्कटमा पर्दै गएका छन्। यो अवस्थालाई रोक्न सामुदायिक विद्यालयमा गुणस्तर कायम गर्नुपर्ने भएकाले यस्तो निर्णय गरिएको गाउँपालिका अध्यक्ष राज मल्लले बताउनुभयो। त्यसबाहेक शैक्षिक र सचेत व्यक्तिले नै निजी विद्यालयमा बालबालिका पढाउँदा सामुदायिकप्रतिको चासो घट्दै गएकोले सचेत नागरिकलाई सामुदायिक विद्यालयको महत्व बुझाउन पनि यो निर्णय गर्नुपरेको उहाँले जानकारी दिनुभयो।

गाउँपालिकाका अध्यक्ष नै संयोजक रहने समितिमा कार्यपालिका सदस्य, दुई माध्यमिक विद्यालयका प्रधानाध्यापक, शिक्षाप्रेमी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी समेत नौजना रहने व्यवस्था छ। गाउँ शिक्षा समितिले गरेको यो निर्णय गर्न पाउने व्यवस्था पैयूँ गाउँ पालिकाको गाउँ शिक्षा ऐनमासमेत व्यवस्था गरिएको छ। ऐनको दफा १६ मा भएको व्यवस्था बमोजिम नै यो निर्णय गरिएको शिक्षा अधिकृत लामिछानेले बताउनुभयो।

# एगा पोखराद्वारा शुभकामना

पोखरापत्र संवाददाता
पोखरा, २३ असोज

इम्ब्रोइडरी एण्ड गार्मेन्ट्स एशोसिएसन पोखराले विजयादशमी, दिपावली लगायतका चाडपर्वका अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले हाम्रा मौलिक चाडपर्वले सबैमा सुख, शान्ति र समृद्धि ल्याउने विश्वास व्यक्त गर्नुभयो। व्यवसायिक एकतामा जोड दिँदै उहाँले पर्यटनको विकासका लागि राज्यको प्राथमिकता पर्नुपर्ने बताउनुभयो। पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल चाडै नै सञ्चालनमा आउनुपर्नेमा उहाँले जोड दिनुभयो।



पर्यटन विज्ञ वासु त्रिपाठीले पर्यटन व्यवसायी एक भएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो। पोखरा उद्योग उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, पश्चिमाञ्चल होटेल संघका अध्यक्ष लक्ष्मण सुवेदी, संस्थाका अध्यक्ष इन्द्र भण्डारी, उपाध्यक्ष गोकर्ण लम्साल, सचिव गीता ढकाल लगायतले दशैं, तिहार जस्ता चाडपर्वले सबैमा सुख शान्ति र समृद्धि ल्याउने विश्वास व्यक्त गर्नुभयो।

# अमेरिकी डलरको मूल्य अकासियो

रासस
काठमाडौं, २३ असोज

अमेरिकी डलरको मूल्य लगातार उकालो लागेको छ। यसबाट नेपाली मुद्रा थप कमजोर बन्न पुगेको छ। नेपाल राष्ट्र बैंकले आइतबारका लागि तय गरेको मूल्यअनुसार एक अमेरिकी डलरको खरिददर एक सय ३२ रुपैयाँ ४२ पैसा रहेको छ भने बिक्रीदर एक सय ३२ रुपैयाँ दुई पैसा तय गरिएको छ।

अमेरिकी डलरको मूल्य लगातार उकालो लाग्दा मुलुकको अर्थतन्त्रमासमेत नकारात्मक असर पर्ने अनुमान गरिएको छ। विप्रेषण आप्रवाहमा सकारात्मक प्रभाव पर्ने भएपनि अन्य क्षेत्रमा भने नकारात्मक असर पर्नेछ। मूल्य वृद्धिका अलावा, विदेशी परामर्शदातालाई दिनुपर्ने भुक्तानी, राज्यले विदेशी दातृ निकायलाई तिर्नुपर्ने ऋणको सावा तथा ब्याजको भुक्तानीमा समेत नकारात्मक असर पर्नेछ। कोरोनाका कारण पर्यटकको आवागमनसमेत उल्लेख्य मात्रामा वृद्धि हुन नसक्दा डलरको मूल्यवृद्धिले थप सङ्कट पैदा गर्नेछ। नेपाली मुद्रा र भारतीय मुद्राबीच स्थिर विनिमय दर भएकाले पनि डलरको मूल्यमा असर परेको हो। भारतीय रुपैयाँ कमजोर हुँदा त्यसको असर नेपाली मुद्रामासमेत पर्न गएको छ।

# निर्वाचनका लागि तनहुँमा तीन हजार छ सय जनशक्ति

**पोखरापत्र संवाददाता**
**दमौली, २३ असोज**

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तनहुँमा तीन हजार छ सय ६० जनशक्ति परिचालन गरिने भएको छ। जिल्लामा दुई प्रतिनिधिसभा र चार प्रदेशसभा क्षेत्र रहेको छ ।

जिल्ला निर्वाचन कार्यालयले सबै मतदानस्थलमा आवश्यक पर्ने कर्मचारीको विवरण तयार गरेको निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार तनहुँ क्षेत्र नं १ तर्फ एक हजार आठ सय २४ र क्षेत्र नं २ तर्फ एक हजार आठ सय ३६ कर्मचारी परिचालन गरिनेछ । क्षेत्र नं १ तर्फ एक लाख २३ हजार चार सय ९० मतदाता छन् । त्यसमध्ये प्रदेश १ तर्फ ६७ हजार एक सय ४४ र प्रदेश २ तर्फ ५६ हजार तीन सय ४६ मतदाता छन् । प्रदेश १ तर्फ ३६ मतदानस्थल र ८२ मतदान केन्द्र तथा प्रदेश २ तर्फ ३३ मतदानस्थल र ७० मतदान केन्द्र छन् । प्रदेश १ अन्तर्गतका ८२ मतदान केन्द्रमा ८२ मतदान अधिकृत, ८२ सहायक मतदान अधिकृत, चार सय दश सहायक, ८२ सहयोगी नियुक्त गरिनेछ । त्यस्तै अन्य छ सय ५६ र तीन सय २८ स्वयंसेवक नियुक्त गरिने निर्वाचन कार्यालयले जनाएको छ । प्रदेश २ अन्तर्गतका ७० मतदान केन्द्रमा ७० मतदान अधिकृत, ७० सहायक मतदान अधिकृत, तीन सय ५० सहायक, ७० सहयोगी, पाँच सय ६० अन्य र दुई सय ८० स्वयंसेवक नियुक्त गरिनेछ। तनहुँ क्षेत्र नं २ अन्तर्गत एक लाख २५ हजार पाँच मतदाता छन् । त्यसमध्ये प्रदेश १ तर्फ ६७ हजार ३२ र प्रदेश २ तर्फ ५७ हजार नौ सय ७३ मतदाता छन् । प्रदेश १ तर्फ ३७ मतदानस्थल र ८० मतदान केन्द्र तथा प्रदेश २ तर्फ ३६ मतदानस्थल र ७३ मतदान केन्द्र छन् । प्रदेश १ अन्तर्गतका ८० मतदान केन्द्रमा ८० मतदान अधिकृत, ८० सहायक मतदान अधिकृत, तीन सय २० सहायक, ८० सहयोगी, अन्य छ सय ४० र स्वयंसेवक तीन सय २० जना परिचालन गरिने कार्यालयले जनाएको छ। प्रदेश २ अन्तर्गतका ७३ मतदान केन्द्रमा ७३ मतदान अधिकृत, ७३ सहायक मतदान अधिकृत, दुई सय ९२ सहायक, ७३ सहयोगी, अन्य पाँच सय ८४ र दुई सय ९२ स्वयंसेवक परिचालन गरिनेछ।

जिल्लाका मतदान केन्द्रमा प्रतिकेन्द्र पाँचवटाका दरले एक हजार पाँच सय २५ मतपेटिका व्यवस्थापन गरिने निर्वाचन अधिकारी ढकालले बताउनुभयो । त्यस्तै प्रतिकेन्द्र एउटाका दरले तीन सय पाँच मतदान सामग्री व्यवस्थापन गरिनेछ । निर्वाचन सम्पन्न गराउनका लागि दमौलीस्थित जिल्ला समन्वय समितिको कार्यालयमा मुख्य निर्वाचन अधिकृत र दुलेगौडास्थित शुक्लागण्डकी नगरपालिकाको कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।



केही दिनदेखि वर्षा र मौसमी खराबका कारण मनाङ पुगेका पर्यटक अन्नपूर्ण पदमार्गबाट लमजुङ मर्स्याङ्दी गाउँपालिका हुँदै यस पदमार्गको प्रवेशद्वार बेँसीसहरतर्फ फर्कँदै । तस्बिर : जनक श्रेष्ठ/रासस

# हेमजामा योग साधना केन्द्र शुभारम्भ

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असोज**

पतंञ्जली योग समिति नेपाल तथा पतंञ्जली योग समिति कास्की अन्तर्गत पोखरा २५ हेमजामा हेमजा योग साधना केन्द्र आइतबार शुभारम्भ भएको छ।



पतंञ्जली योग समिति गण्डकी प्रदेशका प्रदेश प्रभारी नरेन्द्र लालचनले पानशमा बत्ती बाली शुभारम्भ भएको कार्यक्रमको सञ्चालन सहयोग शिक्षक रुद्रनाथ पौडेलले गरेका थिए। कार्यक्रममा पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवं वडा न. २५ वडा सदस्य धन कुमारी पोखरेल तिमिल्सिना र भारतको दिल्लीमा योग साधन गराउनु भएका सहयोग शिक्षक श्री रामचन्द्र ढुंगानाले शुभ भाव राखेका थिए। हेमजा योग साधना केन्द्र शुभारम्भ कार्यक्रममा ४१ जना साधकको उपस्थिति रहेको थियो। पंतञ्जली योग समितिका मुख्य केन्द्रीय प्रभारी लवदेव मिश्राले वधाई तथा धन्यवाद एवं प्रतिवद्धता वचन गरेका थिए।

कार्यक्रम प्रत्येक दिन बिहान ४:३० बजे पोखरा -२५ स स्थित माछापुच्छे पार्टी प्यालेसमा हुने आयोजक मध्येका रुद्रनाथ पौडेलले बताए।

# तनहुँ क्षेत्र नं १ मा वरिष्ठ नेता पौडेलको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**तनहुँ, २३ असोज**

आगामी मङ्सिर ४ मा हुने प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले उम्मेदवारी दर्ता गराउनुभएको छ।

आइतबार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर वरिष्ठ नेता पौडेलले प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दर्ता गराउनुभएको हो ।उम्मेदवारी दर्ता गराएपछि सञ्चारकर्मीसँग कुरा गर्दै वरिष्ठ नेता पौडेलले देश र जनताका लागि उम्मेदवारी दिएको बताउनुभयो। समाजमा लोकतन्त्र र संविधानको संरक्षणका लागि आफू राजनीतिमा हालसम्म रहेको उहाँको भनाइ छ । निष्ठा र अनुशासनको राजनीतिको आधार स्थापनाका लागि आफूले उम्मेदवारी दिएको बताउनुभयो । "देशलाई सुशासन दिने नैतिक शक्ति भएको नेतृत्व आवश्यक छ । सोही मागअनुरुप नै मेरो उम्मेदवारी हो", उहाँले भन्नुभयो । देशको समग्र विकास र स्थिर सरकारका लागि यस निर्वाचनले महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ छ। वरिष्ठ नेता पौडेलले कांग्रेसले गरेका कार्यका विषयमा जनतासमक्ष पुऱ्याउन सम्पूर्ण कार्यकर्तालाई अनुरोध गर्नुभयो । पौडेलले लामो समयदेखि जिल्लामा गतिविधिमा सहभागी भएको कार्यक्रममा उम्मेदवार बन्ने दाबी गर्दै आउनुभएको थियो । समयसमयमा जिल्लाका विभिन्न स्थानको भ्रमण गर्ने क्रममा वरिष्ठ नेता पौडेलले यसअघि नै उम्मेदवार बन्ने घोषणासहित सहयोगको लागि मतदातासमक्ष अनुरोध गर्दै आउनुभएको थियो। कांग्रेसले दुवै निर्वाचन क्षेत्रमा पुरानै अनुहार दोहोऱ्याको छ।

# गण्डकी प्रदेशमा भएका जडिवुटिको अध्ययन गर्न विज्ञहरुलाई मन्त्री बरालको सुझाव

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असोज**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेशमा भएका जडिवुटिको अध्ययन गर्न विज्ञहरुलाई सुझाव दिनु भएको छ।

राष्ट्रिय आयुर्वेद एशोसियसन नेपालको शनिबार पोखरामा सम्पन्न भएको प्रथम भेला तथा शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै मन्त्री बरालले प्रदेशमा अथाह जडिवुटि भए पनि त्यसको अध्ययन नभएकोले अध्ययन गर्न विज्ञहरुलाई सुझाव दिनु भएको हो । उहाँले भन्नुभयो "यहाँ धेरै कुराको सम्भावना रहेको छ तर हाम्रो परिवेश हेर्ने हो भने जडिवुटि मात्र होइन यहाँ धेरै कुराको अध्ययन भएको छैन, त्यसै कसैको लटका भरमा चल्ने गरेको छ, यसले हामीलाई भोलि कहाँ पुराउछ कम्तिमा पनि साना साना केही कुराबाट अब अध्ययन गर्न सुरु गर्नु पर्छ ।" राज्यलाई दिगो रुपमा फाइदा पुग्ने बिषयमा कसैले रिसर्च गरेमा त्यसमा सरकारले सहयोग गर्ने उहाँले बताउनु भयो।

रैथानी वाली लोप हुदै गएकोमा चिन्ता व्यक्त गर्दै मन्त्री बरालले नेपालका रैथाने वाली अमेरीका, जापान लगायतका मुलुकमा सुरक्षित रहेको बताउनु भयो । योग शिक्षा विस्तार गर्न आवश्यक भएको बताउदै मन्त्री बरालले आनपिन र आहार विहारमा बिषेश ध्यान दिन आग्रह गर्नु भयो । कार्यक्रममा एशोसियसनका केन्द्रिय अध्यक्ष जगतबहादुर भट्टराईले आयुर्वेद मौलिक र परम्परागत चिकित्साह विधि भए पनि हाल विकृति र विसङगती देखा परेको दाबी गर्नुभयो । क्यान्सर रोगबाट प्रभावित लक्ष्मी भट्टराईले आत्मवल, सकरात्मकसोच, योगाको कारण गुमी सक्न लागेको जीवन पुनः पाएको बताउनु भयो।

एशोसियसन गण्डकीका अध्यक्ष डा.प्रेमकिशोर मित्रको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा एशोसियसनका केन्द्रिय बरिष्ठ उपाध्यक्ष कृष्ण राउत, प्राकृतिक चिकित्सालय रजनका डा.विनोद पौडेल, नेचर केयर क्लिनीक पोखराका के.बी. थापा, एशोसियसनका सुरेस पूर्वे, कार्यक्रक संयोजक प्रफुल्लचन्द्र यादव, एशोसियसन गण्डकीका सचिब नेत्र भुजेल लगायतले वोल्नु भएको थियो।

उ त त अवसरमा एशोसियसनले आयुर्वेदको क्षेत्रमा उल्लेखनिय योगदान पुराएको भन्दै ४ जनालाई सम्मान गरेको छ । सम्मानित हुनेहरुमा डा.अम्मर बहादुर ताम्राकार, कर्ण बहादुर ताम्राकार, डा.गोपीनाथ पौडेल र डा.लक्ष्मीकान्त चापागाई रहेका छन्।

# बागलुङ-१ मा सात जनाको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ असोज**

मंसिर ४ मा हुने प्रतिनिधिसभा सदस्य चुनावका लागि बागलुङ-१ मा सात जनाको उम्मेदवारी परेको छ।

सत्तारूढ गठबन्धनका तर्फबाट राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेकपा (एमाले)बाट सूर्यप्रसाद पाठक, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट लक्ष्मीप्रसाद सापकोटा, नेपाली कांग्रेस (बीपी)बाट शिवलाल सापकोटा र राष्ट्रिय स्वतन्त्र पार्टीबाट खिमानन्द कँडेलले आइतबार उम्मेदवारी दर्ता गराउनुभएको हो।

कृष्णशङ्कर श्रेष्ठ र चन्द्रबहादुर क्षत्रीले स्वतन्त्र उम्मेदवारी दिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। प्रदेशसभा सदस्य पदका लागि बागलुङ-१ (क) मा पाँच जनाको उम्मेदवारी परेको छ। गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका दीपेन्द्रबहादुर थापा, नेकपा (एमाले)का हिराबहादुर खत्री, राष्ट्रिय प्रजातन्त्र पार्टीका डिल्लीप्रसाद आचार्य, सामाजिक एकता पार्टीका भक्तबहादुर विक र स्वतन्त्ररूपमा दीपेन्द्र हमालले उम्मेदवारी दर्ता गराउनुभएको छ । बागलुङ-१ (ख) मा चार जनाको उम्मेदवारी परेको छ। गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका डिल्लीराम सुवेदी, नेकपा (एमाले)बाट नवराज पौडेल, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट गोविन्द सापकोटा र मङ्गोल नेशनल अर्गनाइजेशनका सहवीर थापाले उम्मेदवारी दर्ता गराएको मुख्य निर्वाचन अधिकृत दिवाकर भट्टले जानकारी दिनुभयो।

# शिक्षामन्त्री पौडेलले दिनुभयो बागलुङ २ मा उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ असोज**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले बागलुङ क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दर्ता गराउनुभएको छ । मन्त्री पौडेलले नेकपा (माओवादी केन्द्र) बागलुङका इन्चार्ज राजीव घिमिरेको प्रस्तावक र केन्द्रीय सदस्य निलबहादुर पुनको समर्थनमा निर्वाचन अधिकृतको कार्यालय बुर्तिबाङमा उम्मेदवारी दर्ता गराउनुभएको हो।

पौडेल यसअघिको निर्वाचनमा पनि यही क्षेत्रबाट निर्वाचित हुनुभएको थियो । उहाँले कांग्रेसका नरबहादुर पुनलाई आठ हजार नौ सय २२ मतले पछि पारेर विजयी हुनुभएको थियो । पौडेलले २८ हजार आठ सय २७ मत प्राप्त गर्दा पुनले एक हजार नौ सय पाँच मत ल्याउनुभएको थियो।

अघिल्लो पटक वाम गठबन्धनबाट उम्मेदवार बन्नुभएका मन्त्री पौडेल यसपालि पाँचदलीय गठबन्धनका साझा उम्मेदवार हुनुहुन्छ। यस क्षेत्रको प्रदेश क्षेत्र (क) मा नेपाली कांग्रेस बागलुङका सभापति जितबहादुर शेरचन र (ख) मा दोर्णकुमार कुँवरले उम्मेदवारी दर्ता गराउनुभएको छ।


# त्रिवेणी इन्टरनेशनल कलेज लि. को वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**यस कलेजले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०५/२९ को स्विकृत एवं प्रेषित पत्रानुसार लेखा परीक्षण सहित यहि मिति २०७९/०६/३१ गते सोमबार बिहान ११:०० बजेदेखि कलेज कै सभा हलमा छैठौं वार्षिक साधारण सभा संचालन गर्ने र सो सभामा आ.व. २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन, अध्यक्षको वार्षिक प्रतिवेदन, नयाँ आ.व. को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण लगायत विविध विषयहरुमा छलफल एवं निर्णय हुने हुदाँ उक्त सभामा सम्पूर्ण शेयरधनी सदस्यज्यूहरुलाई उपस्थितिका लागि यो सूचना गरिएको छ।**

**अध्यक्ष**
**सुमन भट्टराई**
**त्रिवेणी इन्टरनेशलनल कलेज लि.**
**पोखरा-२७, तालचोक, कास्की**


# नवलपुरमा दुई खेल हुने

**पोखरापत्र संवाददाता**
**नवलपुर, २३ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअर्न्तगत नवलपुरमा दुई खेल हुने भएका छन् । यही असोज २८ गते कास्कीको पोखरामा उद्घाटन समारोह तय गरिएकाले दुई खेल नवलपुरमा खेलाइने तय भएको हो । प्रतियोगितामा समावेश भएका ३६ खेलमध्ये नवलपरासी (बर्दघाट सुस्तापूर्व ) नवलपुरमा कुस्ती र सेपाताक्रो खेल हुन लागेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सेतमान पुनले जानकारी दिनुभयो । नवलपुर सदरमुकाम कावासोतीमा दुवै खेल खेलाइने छन्।

# राजमो अध्यक्ष केसीद्वारा उम्मेदवारी दर्ता

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ असोज**

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले प्रतिनिधिसभा सदस्यका लागि बागलुङको क्षेत्र नं १ मा उम्मेदवारी दर्ता गराउनुभएको छ।

अध्यक्ष केसीले बागलुङ बजारमा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा आफैं पुगेर आइतबार अपराह्न उम्मेदवारी दर्ता गर्नुभएको हो । उम्मेदवारी दर्ता गर्न उहाँ शनिबार नै बागलुङ आइपुग्नुभएको थियो। सङ्घीय संसद्का लागि अध्यक्ष केसीको मनोनयन दर्तामा कृष्ण अधिकारी प्रस्तावक र लक्ष्मी बाँस्कोटा समर्थक हुनुहुन्छ । उहाँले पाँचदलीय गठबन्धनको सहयोगमा उम्मेदवारी दिनुभएको हो । उहाँसँगै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)को तर्फबाट निवर्तमान सांसद डा सूर्य पाठकले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराउनुभएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी सापकोटा र राष्ट्रिय स्वतन्त्र पार्टीका खिमानन्द कँडेलले पनि प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिनुभएको छ।